# नारायणी डेभलपमेण्ट बैंक लिमिटेड, रत्ननगर, चितवनलाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्वन्धी सूचना

नारायणी डेभलपमेण्ट बैंक लि. को संचालक समितिका अध्यक्ष दिव्यकुमार श्रेष्ठले विभिन्न ऋणीको नाममा संस्थाबाट प्रवाह भएको कर्जा उपयोग गरेको, अध्यक्ष सम्बद्ध कम्पनीलाई कर्जा प्रवाह गरेको र संस्थापकको शेयर धितो राखी कर्जा प्रवाह गरेकोमा सुपरिवेक्षकीय समायोजन पश्चात संस्थापक, संचालक समूह तथा सम्बद्ध व्यक्ति तथा संस्थाहरुलाई प्रवाह भएको कर्जा रु.३,६७,१६ हजारलाई यस बैंकको निर्देशन अनुसार संस्थाको प्राथमिक पूँजीवाट घटाउँदा पूँजीकोष ७.५४ प्रतिशत हुने भई यस बैंकको न्यूनतम पूँजीकोष सम्वन्धी निर्देशन पालना नगरेको हुँदा नारायणी डेभलपमेण्ट बैंक लिमिटेड, रत्ननगर, चितवनलाई मिति २०६९।२।२४ देखि बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(ख) अनुसार कारवाही गरी देहाय बमोजिम गर्न/गराउन निर्देशन दिइएको छ ।

(क) संस्थाको पूँजी बृद्धि (रि-क्यापिटलाईजेशन) गर्न एक महिना भित्र पूँजी योजना पेश गर्न ।

(ख) लाभांश तथा बोनस शेयर घोषणा नगर्न ।

(ग) नयाँ शाखा नखोल्न ।

(घ) मिति २०६९।२।२१ गते कायम हुन आएको रु.९८,४४,६३ हजारको सीमाभित्र रही निक्षेप संकलन गर्न ।

(ङ) मिति २०६९।२।२१ गते कायम हुन आएको रु.७०,८६,६८ हजारको सीमाभित्र रही कर्जा प्रवाह गर्न ।

(च) खरिद वा लिज प्रकृया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्नुपूर्व यस बैंकको स्वीकृति लिन ।

(छ) निक्षेप परिचालन र कर्जा तथा सुविधा प्रवाहसँग सम्बन्धित नयाँ व्याबसायिक कृयाकलाप (विजनेस लाईन) संचालन गर्नुपूर्व यस बैंकको स्वीकृति लिन ।